# फिस्टुला को रोकथामका उपायहरु

ब्यक्तिगत तहदेखि नीतिगत तहसम्म रहेको महिला प्रतिको विभेदपूर्ण मूल्यमान्यता तथा ब्यवहारहरूको परिणाम तथा शारीरिक जटिलताका कारण "फिस्टुला"जस्तो स्वास्थ्य समस्या सिर्जना हुन पुगेको हो । त्यसकारण "फिस्टुला"को रोगथामकालागि गर्नुपर्ने पहिलो काम महिलामाथि हुने सबैप्रकारको हिंसाको अन्त्य हो । यसका साथै विशेष रूपमा निम्न कार्यहरू गर्नु आवश्यक हुन्छ ।

- सानै उमेरमा विवाह नगरिदिने/सानो उमेरमा बाल बच्चा नजन्माउने
- बालिकालाई खानामा विभेद नगर्ने । किशोरी अवस्थामा विकासकालागि आवश्यक पर्ने संन्तुलित आहारमा विशेष ध्यान दिने ।
- गर्भवती महिलालाई पर्याप्त मात्रामा संन्तुलित खाना खुवाउने ।
- गर्भवती जाँच नियमित रूपमा कम्तीमा ४ पटक गर्ने ।
- गर्भवती महिलाको श्रीमान तथा परिवारका सदस्यहरूले गर्भवस्था र प्रसवको समयमा आवश्यक पर्ने सम्पूर्ण ब्यवस्थाको पूर्व तयारी गर्ने ।
- सुत्केरी ब्यथा लाग्नासाथ स्वास्थ्य चौकी लैजाने । तालिम प्राप्त सुडेनी,दक्ष चिकित्साकर्मीको सहयोगमा बच्चा जन्माउने ।

"फिस्टुला"को रोकथाममा गर्भवती महिलाको परिवारको सदस्यहरूको मूख्य भूमिका रहन्छ ।गर्भवती महिलाको उपयुक्त हेरचाह,नियमित जाँचका साथै प्रसव समयमा उचित सहयोग र समुचित ब्यवस्थापन गर्दा फिस्टुला हुने वातावरण हुँदैन ।

# फिस्टुला

## भएकाको उपचारकालागि के गर्न सकिन्छ ?

"फिस्टुला"को उपचार संभव छ । शल्यक्रियाद्वारा यसको उपचार गर्न सकिन्छ । १०० मा ९५ जना महिलाहरूमा शल्यक्रियाबाट फिस्टुलाको समस्या समाधान भएको छ । शल्यक्रिया सम्भव हुन सक्ने वा सफल हुन नसकेको केशमा शल्यक्रियाद्वारा पिसावलाई योनीमार्गमा आउन नदिई बाहिर पिसाव थैलीमा राखेर उपचार गरिन्छ ।

फिस्टुला भएका महिलाहरूमा मानसिक समस्याहरू हुन्छन । त्यसकारण शल्यक्रियाका साथै उनीहरूलाई मनोविमर्श पनि आवश्यक हुन्छ । महिलाका साथै उनका परिवारको सदस्यहरूकालागि पनि मनोविमर्श आवश्यक हुन्छ ।

## याद राख्नुहोस

**"फिस्टुला" निको हुने समस्या हो। यो समस्यालाई सहेर नबसौ । कसैलाई पनि फिस्टुला भएको थाहा भएमा चिकित्साकर्मी कहाँ जान सल्लाह दिउँ । महिलामाथि हुने सबै प्रकारका हिंसा र विभेदहरूको अन्त्य गरौं । गर्भवती महिलालाई मायाँ गरौं, उचित स्याहार गरौं। प्रसव अवस्थामा विशेष स्याहार र सहयोग गरेर फिस्टुला हुन सक्ने वातावरणको अन्त्य गरौं ।**

GLOBAL FUND FOR WOMEN
Champions for Equality.

WOREC

**ओरेक नेपाल**
बालकुमारी, ललितपुर
फोन नं. : ०१-५१८६०७३
ईमेल : ics@worecnepal.org
www.worecnepal.org


# फिस्टुला



## महिला स्वास्थ्य अधिकारकालागि एक चुनौती

**योनीबाट निरन्तर रुपमा पिसाव वा दिसा पिसाव दुबै चुहिने समस्या "फिस्टुला" प्वाल भएमा हुन्छ ।**

**यो, बच्चा जन्माउने ब्यथा लामो हुन जाँदा बच्चाको टाउको योनीमार्गमा धेरै समयसम्म रही टाउकोले थिचेको योनीमार्गको भागमा रक्तसंचार बन्द भई, रक्तसंचार बन्द भएको भाग मर्न गएमा कमलो मासु मरेपछि त्यहाँ प्वाल पर्छ । त्यस्तो प्वाल पिसाव थैली र योनीमार्गको विचमा परेको छ भने योनी मार्गबाट निरन्तर पिसाव चुहिरहन्छ । यदि त्यस्तो प्वाल योनीमार्ग र दिसा थैलीको विचमा छ भने योनीमार्गबाट दिसा चुहिन्छ । कहिले काहिँ यस्तो प्वाल दुबै तर्फ पर्दछ । त्यस्तो अवस्थामा दिसा र पिसाव दुबै योनीमार्गबाट चुहिन्छ ।**



शारीरिक बनावट

महिलाको पाठेघर माथि पिसावथैली र तलपट्टि दिसा थैली हुन्छ । पाठेघरको मुख योनीमार्गको माथिल्लो भागमा हन्छ । बच्चा जन्माउने ब्यथा लाग्दा पाठेघरको मुख पातलो हुन्छ । बच्चाको टाउको पाठेघरको मुख हुदै योनीमार्गको तल्लो भागमा आउँछ । यसरी बच्चाको टाउको योनीमार्गको तल्लो भागमा धेरै बेरसम्म रहँदा त्यसले पिसाव थैली र दिसाथैली दुबैलाई थिच्छ । केहि गरी व्यथा लामो हुन गई बच्चाको टाउको योनि मार्गमा १८ घण्टा भन्दा बढी रहन गएमा यसले थिचेको भागमा रक्तसंचार बन्द गर्छ । त्यस भागको झिल्ली र मासु मर्दछ र प्वाल पर्न जान्छ । त्यसैलाई "फिस्टुला" भनिन्छ ।

# फिस्टुला किन हुन्छ ?

फिस्टुला हुनुको मुख्य कारण १८ घण्टा भन्दा लामो ब्यथालाग्नु र योनीमार्गमा बच्चाको टाउको रहने अवस्था हुनु हो । यस्तो अवस्थाकोलागि जिम्मेवार केहि कारणहरू निम्नानुसार छन् ।

- गर्भवती भएको वखत नियमित स्वास्थ्य परिक्षण र सहयोग पाउने अधिकारबाट महिला बन्चित भएमा ।
- बच्चा जन्माउने ब्यथा लागेपछि महिलाले आवश्यक सहयोग तुरुन्त प्राप्त गर्न नसक्दा, अथवा उक्त सहयोगकालागि निर्णय लिने काममा ढिलाई हुँदा ।
- गरिबी र कामको बोझका कारण महिलाको स्वास्थ्य अधिकार सुनिश्चित हुनसक्ने वातावरणको अभाव ।
- बाल विवाह, बलात्कार लगायत अन्य प्रकारका लैङ्गिक विभेदमा आधारित हिंसाको प्रभाव, आवश्यक स्वास्थ्य उपचार र परामर्श सेवामा महिलाको पहुँचको अभाव ।

फिस्टुला समाजमा महिलालाई दोस्रो दर्जा दिईनु, महिलाको आफ्नो शरीरमाथि अधिकार नहुनु, प्रजनन र यौनअधिकारबाट बंचित गराईने सौच धारणा र ब्यवहारहरूका कारणले हुन्छ। त्यसैले "फिस्टुला"हुने स्थिति महिलामाथि हुने हिंसाको परिणाम हो भनेर भन्न सकिन्छ ।

# फिस्टुला का परिणाम तथा असरहरु

प्राय : जसो "फिस्टुला"भएका महिलाहरू दोहोरो तेहरो पीडा भोग्न बाध्य हुन्छन । "फिस्टुला"लामो र कठिन प्रसव पीडाको कारणले हुने हुँदा फिस्टुला हुने स्थितिसम्म आएका महिलाहरूको बच्चा पनि नजन्मदै मरिसकेको हुन्छ । यसकारण "फिस्टुला"भएका महिलाहरू दोहोरो पीडाबाट गुज्रिन्छन् । यकातिर उनको बच्चा मृत जन्मन्छ भने अर्कोतिर उनको योनीमार्गबाट दिसा पिसाव निरन्तर चुहिन्छ । यस प्रकार निरन्तर रूपले दिसा,पिसाव चुहिने हुँदा यो समस्या भएका महिलाहरूको लुगा संधै भिजेको र गन्हाउने हुन्छ । यसकारण महिलाहरू आफूलाई घृणा गर्न अरूको अगाडि जान लाज मान्ने गर्दछन ।उनीहरूमा मानसिक तनाव हुन्छ ।बढी पानी पिएमा पिसाव बढी लाग्ने र खाना बढी खाएमा दिसा बढी हुनसक्ने डरले उनीहरू पानी र खाना कम खाने गर्दछन ।त्यसका कारण उनीहरू जलवियोजनबाट पीडित हुन सक्दछन् । उनीहरूमा कुपोषण हुन सक्दछ । फलस्वरूप उनीहरूमा धेरै स्वास्थ्य समस्याहरू हुन्छन । फिस्टुला"भएपछि महिलाहरू आफ्नो श्रीमान, घर,परिवारका सदस्यहरूबाट बहिष्कृत भई बाँच्न बाध्य हुन्छन् । सामाजिक रूपले एकल्याईन्छन ।समग्रमा भन्दा "फिस्टुला"भएका महिलाहरू सामाजिक र शारीरिक रूपले पीडित हुन्छन । शारीरिक समस्याका कारण मानसिक तनाव पीडा र नैराश्यताका साथ बाँच्न बाध्य हुन्छन ।उनीहरूको जिवनको गुणस्तरमा प्रभाव पर्दछ । उनीहरू दिर्घरोगी भई बाच्न बाध्य हुन्छन् ।